# कृषि विकास बैंक लि.

## खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

**पदको विवरण:**

पद : व्यवसाय सहायक सेवा/समूह : प्रशासन / प्रशासन

तह : ५ (पाँच)

**परीक्षाको किसिम :**

(क) : लिखित परीक्षा : २०० पूर्णाङ्क (ख) : अन्तर्वार्ता : ३० पूर्णाङ्क

**न्यूनतम शैक्षिक योग्यता :**

मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्य वा व्यापार संकाय वा मानविकी संकायमा मूल विषय अर्थशास्त्र लिई स्नातक तह उत्तिर्ण भएका तथा कम्प्युटर सम्बन्धी न्युनतम ३ महिने आधारभुत तालीम हासिल गरेका ।

**पाठ्यक्रमको उद्देश्य :**

बैंकको व्यवसाय सहायक, सहायकस्तर प्रशासन सेवा, तह-५ पदका लागि निर्धारित कार्य विवरणलाई दृष्टिगत गरी तोकिएको आवश्यक योग्यता पुगेका योग्य उम्मेदवारहरुमध्येबाट कार्यालयको दैनिक कार्य संचालनका लागि बैंकको कार्यक्षेत्र र कार्य प्रकृतिसँग सम्वन्धित निक्षेप, कर्जा तथा अन्य बैंकिङ्ग कारोवार संचालनका सान्दर्भिक विषयमा उम्मेदवारको सैद्धान्तिक र व्यवहारिक ज्ञानको परीक्षण गर्नु प्रस्तुत पाठ्यक्रमको उद्देश्य रहेको छ ।

**लिखित परीक्षा संरचना :**

| सि.नं. | पत्र | विषय | खण्ड | प्रश्न प्रकृति | प्रश्न संख्या | अंक | अंकभार | पूर्णाङ्क | उत्तीर्णाङ्क | समय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रथम पत्र | सामान्य ज्ञान, आर्थिक तथा बैंकिङ्ग सम्वन्धी | क | वस्तुगत बहुवैकल्पिक | २५ | १ | २५ | १०० | ४० | २ घण्टा ३० मिनेट |
| | | | ख | छोटो उत्तर | ५ | ५ | २५ | | | |
| | | | | लामो उत्तर | ५ | १० | ५० | | | |
| २ | द्वितीय पत्र | सेवा सम्वन्धी | क | छोटो उत्तर | ४ | ५ | २० | १०० | ४० | २ घण्टा ३० मिनेट |
| | | | | लामो उत्तर | ३ | १० | ३० | | | |
| | | | ख | छोटो उत्तर | ४ | ५ | २० | | | |
| | | | | लामो उत्तर | ३ | १० | ३० | | | |

**द्रष्टव्य:**

(१) लिखित परीक्षाको प्रश्न पत्र नेपाली वा अंग्रेजी दुबै भाषामा सोधिने छ । सबै प्रश्नको उत्तर अनिवार्य हुने छ । लिखित परीक्षामा परीक्षार्थीले नेपाली र अंग्रेजी भाषामध्ये कुनै एक वा दुवै माध्यममा उत्तर दिन सक्नेछन् ।

(२) वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

(३) पाठ्यक्रममा भएका यथासम्भव सबै पाठ्यांशका इकाइहरु समावेस हुने गरी प्रश्न सोधिने छ ।

(४) विषयगत प्रश्नकोहकमा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or More parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ ।

(५) यस पाठ्यक्रमका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम, विनियम तथा नीतिहरु परीक्षाको मितिभन्दा तीन महिना अगाडि संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा समावेस भएको सम्झनु पर्छ ।

(६) लिखित परीक्षामा प्रत्येक पत्रको उत्तिर्णाङ्क न्युनतम ४० प्रतिशत अङ्क रहेको र लिखित परीक्षामा सफल भई योग्यताक्रममा छनौट भएका उम्मेदवारहरु मात्र अन्तर्वार्ता परीक्षामा सम्मिलित हुन पाउने छन् ।

पाठ्यक्रम स्वीकृत तथा लागू मिति : २०७७/०९/११

## प्रथम-पत्रः सामान्य ज्ञान, आर्थिक तथा बैंकिङ्ग

| **खण्ड-कः सामान्य ज्ञान** | | | | | वस्तुगत बहुवैकल्पिक<br>२५ प्रश्नX१ अंक=२५ | |
|---|---|---|---|---|---|---|
| पाठ्यक्रमको इकाई विभाजन | | | | | | |
| बुँदा नं.: | १ | २ र ३ | ४ | ५ | ६, ७ र ८ | ९, १० र ११ |
| प्रश्न संख्या: | ८ | ४ | ३ | २ | ४ | ४ |

(१) नेपालको भौगोलिक, ऐतिहासिक, राजनैतिक,सास्कृतिक, साहित्यिक, धार्मिक, प्रशासनिक, आर्थिक, शैक्षिक, वैज्ञानिक तथा खेलकुद सम्वन्धी जानकारी ।

(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रमुख सम-सामयिक विषय तथा घटनाक्रमहरु बारे सामान्य जानकारी ।

(३) अर्न्तराष्ट्रिय तथा क्षेत्रीय स्तरका (UN, World Bank, IMF, ADB, SAARC जस्ता) प्रमुख सस्थाहरुबारे जानकारी ।

(४) नेपालमा संवैधानिक विकासक्रम तथा नेपालको संविधान ।

(५) बैंकिङ्ग व्यवसायमा प्रयोगहुने बैंकिङ्ग शब्दावलीहरु (Banking Terminology)

(६) नेपाल राष्ट्र बैंक ऐन, २०५८ ।

(७) कम्पनी ऐन, २०६३ ।

(८) बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ सम्बन्धी जानकारी ।

(९) बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ ।

(१०) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ ।

(११) कृषि विकास बैंक लि. कर्मचारी सेवा विनियमावली, २०६२ ।

| **खण्ड-ख : आर्थिक तथा बैंकिङ्ग** | | | | | छोटो उत्तर | ५ प्रश्न X ५ अंक = २५ |
|---|---|---|---|---|---|---|
| | | | | | लामो उत्तर | ५ प्रश्न X१० अंक =५० |
| पाठ्यक्रमको इकाई विभाजन | | | | | | |
| बुँदा नं.: | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| प्रश्न संख्या: | २ | २ | २ | १ | १ | १ | १ |

(१) **बैंकिङ्ग अवधारणाः** बैंकिङ्ग अवधारणा, विकासक्रम, बैंकका प्रकार तथा कार्यहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बैंकिङ्ग व्यवसायका आधुनिक सेवा, सुविधाहरु, केन्द्रीय बैंकको स्थापना, महत्व तथा काम, कर्तब्य र अधिकार, नेपालमा बैंकिङ्ग क्षेत्रको वर्गीकरण, बैंक तथा वित्तीय संस्थाहरुको काम, कर्तब्य र अधिकार, नेपालमा वाणिज्य बैंकको मुख्य कारोवार क्षेत्र, सम्भावना, अवसर तथा चुनौतीहरु, नेपालको आर्थिक विकासमा बैंकिङ्ग क्षेत्रको भूमिका, महत्व तथा वर्तमान अवस्था, बैंकिङ्ग सेवाहरु निक्षेप सेवा, कर्जा सेवा, विप्रेषण, प्रतितपत्र, बैंक जमानत तथा अन्य सेवाहरु ।

(२) **नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन** सम्वन्धी जानकारी ।

(३) **व्यवस्थापन तथा कार्यालय सञ्चालनः** संगठनको परिभाषा, संगठनात्मक संरचना, संगठनको प्रकार, उद्देश्य, सञ्चार प्रणाली, संगठनात्मक परिवर्तन र विकास, संस्थागत सुशासन सम्बन्धी जानकारी, व्यवस्थापनको परिभाषा, सिद्धान्त तथा महत्व, व्यवस्थापनका कार्यहरु, उत्प्रेरणा, व्यवस्थापन सूचना प्रणालीको आवश्यक्ता र महत्व, मानव संसाधन व्यवस्थापनको अवधारणा, महत्व, कर्मचारी छनौट तथा भर्ना, तालीम तथा विकास, कार्य विवरण, कार्य विश्लेषण, पुरस्कार तथा दण्ड सजाय, कार्य सम्पादन मूल्यांकन र वृत्ति विकास योजना, चिठ्ठीपत्र लेखन, पत्राचार, दर्ता चलानी, फाइलिङ्ग, अनुक्रमणिका, संचार व्यवस्थापन, अभिलेख व्यवस्थापन, टिप्पणी तथा प्रतिवेदनको परिचय र ढाँचा, कार्यालय संरचना र सजावट ।

(४) **सुचना प्रविधि:** Computer System (Input Device, Output Device), Operating system, Application software, MS office system, Internet, e-mail, Hardware, Networking, Database management system, Related threats. बैंकिङ्ग क्षेत्रमा Core Banking System (CBS) को आवश्यकता, महत्व, भूमिका, यसको कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने विषय तथा सम्भावित जोखिमहरु ।

(५) **अर्थशास्त्र:** Macro and Micro Economic Concept and Elements, GDP, National Income, Fiscal Policy, Monetary Policy, Interest rate, Inflation, Money market, Capital Market, Government Securities, Globalization, Economic Liberalization & Privatization.

(६) **गणित:** Unitary Method, Fraction, Decimal, Simple and Compound Interest, Percentage, Ratio and Proportion, Simple and Weighted Average, Mean, Median, Mode & Standard Deviation, Triangle, Shapes.

(७) **कृषि विकास बैंक लि.**: स्थापना, विकासक्रम, कार्यप्रकृति, दूरदृष्टि, ध्येय, उद्देश्य, संगठनात्मक संरचना, कारोवारको अवस्था, वासलातको आकार, विद्यमान सवल एवं दुर्वल पक्ष तथा अवसर र चुनौतीहरु, बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण तथा अनुशासन सम्बन्धी जानकारी ।

## द्वितीय-पत्र: सेवा सम्वन्धी

| खण्ड-क: व्यवस्थापन सम्बन्धी | | | | | छोटो उत्तर | ४ प्रश्न x ५ अंक = २० | |
|---|---|---|---|---|---|---|---|
| | | | | | लामो उत्तर | ३ प्रश्न x १० अंक =३० | |
| पाठ्यक्रमको इकाई विभाजन | | | | | | | |
| बुँदा नं.: | १ | २ र ३ | ४ | ५ | ६ | ७ | ८ |
| प्रश्न संख्या: | १ | १ | १ | १ | १ | १ | १ |

(१) **संगठन तथा व्यवस्थापन**: संगठन परिचय, संगठनात्मक संरचना, संगठनका प्रकार, उद्देश्य, संगठनात्मक वातावरण, उत्प्रेरणाका तत्व तथा सिद्धान्तहरु, संचार प्रणाली, संगठनात्मक परिवर्तन र विकास, वित्तीय संस्थागत सुशासन सम्बन्धी जानकारी, व्यवस्थापनको अवधारणा, सिद्वान्त, प्रकार तथा कार्यहरु, नेतृत्व विकास, निर्णय प्रकृया, व्यवस्थापनका नविनतम् चुनौतीहरु, व्यवस्थापन सूचना प्रणाली र यसको आवश्यक्ता, समय व्यवस्थापन, द्वन्द्व व्यवस्थापन, संकट व्यवस्थापन र गुनासो व्यवस्थापन ।

(२) **कार्यालय संचालन:** चिट्ठीपत्र लेखन, पत्राचार, दर्ता चलानी, फाइलिङ्ग, अनुक्रमणिका, संचार व्यवस्थापन, अभिलेख व्यवस्थापन, कार्यालय संरचना र सजावट, टिप्पणी, आन्तरिक पत्र (मेमो) तथा प्रतिवेदनको अवधारणा, बैंक तथा वित्तीय संस्थामा यसको महत्व, यसमा समावेस हुने मुख्य विषयहरु र लेखन ढाँचा ।

(३) **मानव संसाधन व्यवस्थापन**: मानव संसाधन व्यवस्थापनको अवधारणा, विकास, उद्देश्य, महत्व, कर्मचारी भर्ना, छनौट, तालीम तथा विकास, कार्य विवरण, कार्य विश्लेषण, उत्प्रेरणा, पुरस्कार तथा दण्ड सजाय, कार्य सम्पादन मूल्यांकन, वृत्ति विकास योजना, कर्मचारीको आचार संहिता, अवकाश तथा सामाजिकीकरण ।

(४) **लेखा व्यवस्थापन**: Income and Expenditure A/C, Profit & Loss A/C, Depreciation, Reconciliation, Ratio Analysis, Capital Budgeting, Probability, CVP Analysis, Index Calculation, Cost of Capital, Base Rate Calculation.

(५) **बैंकिङ्ग सेवाहरु:** Deposit product, Credit product, Letter of credit, Branchless Banking, Any Branch Banking System (ABBS), Mobile Banking, Internet Banking, SWIFT, Draft, ATM, Debit Card, Credit Card, POS, CASBA, Demat Account, Locker, Financial Literacy, Agency Service बारे जानकारी ।

(६) सार्वजनिक सेवा प्रवाहको अर्थ, प्रकार, महत्व, सार्वजनिक उत्तरदायित्व तथा जवाफदेहिता ।

(७) नेपालमा आवधिक विकास योजनाको प्रयास तथा हालसम्मको उपलब्धीहरु तथा चालु आवधिक योजना ।

(८) मुद्रा तथा पूँजी बजारको अवधारण, उपकरणहरु यसको महत्व, वर्तमान अवस्था, सम्भावना तथा चुनौतीहरु ।

## द्वितीय-पत्रः सेवा सम्बन्धी

| खण्ड -खः बैंकिङ्ग सेवा सम्वन्धी | | | | | छोटो उत्तर | ४ प्रश्न X ५ अंक = २० | |
|---|---|---|---|---|---|---|---|
| | | | | | लामो उत्तर | ३ प्रश्न X १० अंक =३० | |
| पाठ्यक्रमको इकाई विभाजन | | | | | | | |
| बुँदा नं.: | १ र २ | ३, ४ र ५ | ६ र ७ | ८ र ९ | १० र ११ | १२ र १३ | १४ र १५ |
| प्रश्न संख्याः | १ | १ | १ | १ | १ | १ | १ |

(१) नगद कारोवार, यसको आवश्यकता, महत्व, कारोवारमा ध्यान दिनुपर्ने विषयहरु र सम्भावित जोखिम, कोष व्यवस्थापन, तरलता व्यवस्थापन, श्रोत परीचालन तथा वित्तीय अनुशासन सम्वन्धी जानकारी ।

(२) निक्षेप सेवाको अवधारणा, प्रकार, श्रोत संकलन, परिचालन तथा व्यवस्थापन, कर्जा विश्लेषण, कर्जा लगानी, कर्जा परीयोजना सुपरीवेक्षण, कर्जा वर्गीकरण, कर्जा असुली तथा असल परियोजनाका विशेषताहरु ।

(३) विप्रेषण, प्रतीतपत्र, बैंक जमानत, ट्रेजरी, अन्तर बैंक कारोवारहरुको अवधारणा, यसको महत्व, प्रकार, सम्भावना, मुख्य जोखिम तथा चुनौतीहरु ।

(४) कोष तथा गैह्र कोषमा आधारित व्यवसायको अवधारणा, वर्गीकरण, आवश्यकता, सम्भावना तथा चुनौतीहरु ।

(५) बैंकिङ्ग व्यवसायमा अर्न्तनिहित जोखिमको अवधारणा, यसका प्रकार र सो को व्यवस्थापन सम्बन्धी जानकारी ।

(६) स्थिर सम्पत्तिको आवश्यकता, प्रकार, भौतिक परीक्षण, ह्रासकट्टी तथा यसको व्यवस्थापन सम्बन्धी जानकारी ।

(७) वित्तीय विवरणको परिभाषा, महत्व, आवश्यकता तथा वित्तीय विवरण विश्लेषण, बैंकिङ्ग व्यवसायको वित्तीय विवरण, यसका प्रमुख तत्वहरु तथा प्रस्तुतीकरण प्रकृया ।

(८) अन्तरशाखा कारोवारको परिचय, महत्व, व्यवस्थापन, हिसाब भिडान (Reconciliation) सम्बन्धी जानकारी र यसको आवश्यकता, प्रकार र महत्व ।

(९) बैंकिङ्ग व्यवसायमा ग्राहकको महत्व, ग्राहक पहिचान, मूल्याङ्कन तथा ग्राहक सम्बन्ध व्यवस्थापन, बैंकिङ्ग सेवाहरुको बजार पहिचान, बजार विश्लेषण, बजारीकरणका औजार तथा रणनीतिहरु ।

(१०) Basel, IFRS, NFRS, FATF, Banking Fraud, KYC, AML/CFT सम्वन्धी जानकारी ।

(११) बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण तथा अनुशासन सम्वन्धी जानकारी ।

(१२) नेपालको आर्थिक (कृषि, ग्रामीण तथा बैंकिङ्ग) क्षेत्रको विकासमा कृषि विकास बैंक लि.ले गरेको योगदान तथा भूमिका ।

(१३) संस्थागत सुशासन एवं बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण तथा अनुशासन सम्वन्धी व्यवस्थाको जानकारी ।

(१४) कृषि विकास बैंक लि.को स्थापना, विकासक्रम, कार्यप्रकृति, दूरदृष्टि, ध्येय, उद्देश्य, संगठनात्मक संरचना, वासलातको आकार, कारोवारको अवस्था, विद्यमान सबल एवं दुर्बल पक्षहरु तथा अवसर र चुनौतिहरु ।

(१५) कृषि विकास बैंक लि.को विद्यमान कारोवारको अवस्था, वित्तीय विवरण, सबल एवं दुर्बल पक्ष तथा अवसर र चुनौतिहरु ।

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
जनशक्ति व्यवस्थापन विभाग
मुख्य कार्यालय, काठमाडौं